छथर गाँपालिका
गाउँकार्यपाकिको कार्यालय
शुक्रबारे, तेह्रथुम
१ नं. प्रदेश नेपाल

## ट्याक्टर ( ट्ली र ट्याङकी सहित) खरिद/ आपुर्ति सम्बन्धि बोलपत्र आव्हानको सुचना ।

(प्रथम पटक प्रकाशितमिति २०७६/०२/२६ गते)

यस गाउँपालिकालाई आवश्यक पर्ने तपसिलमा उल्लेखीत सवारी साधन बोलपत्र मार्फत खरिद गनुपर्ने भएकोले इच्छुक उत्पादक कम्पनी वा तिनीहरुका नेपालमा रहेका आधिकारीक बिक्रेता (supplier) हरुका लागि मात्र देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१। बोलपत्र खरिद गर्न इच्छुक उत्पादक कम्पनी, वाअधिकार प्राप्त आपुर्तिकर्ताले आफ्नो फर्म/व्यवसाय दर्ताको प्रमाण पत्र फर्म/ व्यवसाय नविकरणको प्रमाण पत्र मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र,स्थायी लेखानम्बर (PAN) दर्ताको प्रमाणपत्र, आ.व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणको प्रमाणित प्रतिलिपिका साथ यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र राजश्व शाखामा रु ३०००।०० जम्मा गरेको सक्कल भौचर रसिदका साथ रु १० को हुलाक टिकट टाँसि निवेदन दिन सक्नेछन ।

२। खरिद गरिएको बोलपत्र फारमको प्रत्येक महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउन सकिने छ ।

३। बोलपत्र फारम साथ वोलपत्र जमानत वापतको रकम रु ७८०००/- यस गाउँपालिका गाउकार्यपालिकाको कार्यालयको नाममा नेपाल बंङ्गलादेश बैंक लि.,शुक्रवारे शाखामा रहेको धरौटी खाता नं. ०५३००००८४१ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकबाट जारी भएको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्रफारम बुझाउने अन्तिम मिति देखि)वैक जमानत पेश गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पश्चातकोलाई मान्यता दिइनेछ ।

४। दर्ता हुन आएका बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा १६ औं दिनको २:०० बजे खोलिने छ तर वोल पत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीमा वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । वोलपत्र फाराम खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५। प्राप्त बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका वा म्याद नाघि आएका वा स्पेसिफिकेसन वमोजिम नभएका बोलपत्र उपर कुनै कार्वाही गरिने छैन । बोलपत्रमा प्रत्येक आईटमको दररेट भ्याट वाहेक अंक र अक्षरमा प्रष्ट बुझिने गरी भर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेकोमा अक्षरमा लेखेकोलाइ मान्यता दिइने छ ।

६। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

७। बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टांस गरिनेछ ।

८। वोलपत्र सम्वन्धि अन्य व्यवस्था सार्वजनिक खरिद ऐन,२०६३ (संशोधित सहित), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित)तथा अन्य प्रचलित ऐन कानुन बमोजिम हुनेछ
वोलपत्र स्वीकृत गर्ने वा नगर्ने संपुर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

९। वोल पत्रदाताले वोलपत्रका साथ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० -(ङ) वमोजिम वोलपत्रदाता वोलपत्र सम्वन्धि कारवाहीमा भाग लिन अयोग्य नभएको खरिद कार्वाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित पेशा व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भनि लिखित रुपमा गरेको स्वघोषण पत्रको कागजात अनिवार्य रुपमा समावेश गर्नु पर्ने छ ।

१०। वोलपत्रदाताले वोलपत्र फारमको खाम वाहिर ट्याक्टर ( ट्ली र ट्याङकी सहितको) खरिद/आपुर्ति सम्वन्धि वोलपत्र भनि अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ

११। बोलपत्र सम्बन्धी थप जानकारीका लागी यस गाउँपालिकाको कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ । साथै विस्तृत स्पेसिफिकेशन बोलपत्र फारम साथ संलग्न रहने छ ।

१२। बोलपत्रदाताले बोलपत्र पेश गर्दा प्राबिधिक प्रस्ताब र आर्थिक प्रस्ताब छुट्टा छुटै खाममा पेश गर्नु पर्नेछ । साथै वोलपत्रदाताले वोलपत्र फाराममा अनिवार्य रुपमा आफ्नो फर्मको छाप लगाई प्रमाणित गरी आधिकारिक व्यक्तिले सहीछाप गरेको हुनु पर्दछ र वोलपत्र फारममा कुनै पनि शर्त उल्लेख गर्न पाइने छैन ।

१३। Techinical Specification बमोजिम नभएका बोलपत्र वा म्याद नाघी आएका बोलपत्रउपर कुनै कारवाही हुने छैन ।

| बेलपत्र/ठेक्का नं. | आपूर्ति गर्ने सवारीसाधनको नाम | संख्या | बोलपत्रफारम दस्तुर रु | ज्मानत रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| CRM -V1-2075/076 | टयाक्टर टली र ट्यांकर सहित | १ | ३०००/- | ७८०००/- | |

प्रमुख प्रशासकीय अधिकृत